का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ जेठ २०८२,
सोमबार
2 June, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १२० । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# चर्कंदै राजावादी आन्दोलन



राप्रपा नेपालका अध्यक्ष तथा पूर्वगृहमन्त्री कलम थापालाई पक्राउ गर्दै प्रहरी । तस्बिर : मध्यान्ह

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

राजसंस्थासहितको हिन्दु राष्ट्र घोषणा र संघीयता खारेजीको मुख्य एजेण्डा बोकेर सडकमा निस्किएका राजावादीहरूको आन्दोलन उग्र बन्दै गएको छ ।

१७औं गणतन्त्र दिवसको सन्दर्भ पारेर १५ जेठबाट पञ्च नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिको अगुवाईमा थालिएको आन्दोलनले विस्तारै उग्ररूप लिन लागेको हो ।

गत ७ फागुनमा पूर्वराजा ज्ञानेन्द्र शाहबाट भएको सार्वजनिक शुभकामना भिडियो सन्देशपछि सल्बलाएका राजसंस्था पक्षधर पछिल्लो पटक ४ दिनदेखि सडकमा ओर्लिएका हुन् । संयुक्त जनआन्दोलन समितिको ब्यानरमा भएको राजसंस्था फर्काउने आन्दोलनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राप्रपा नेपालसहित विभिन्न समुहले समर्थन गरेका छन् । आन्दोलनरत पक्षले राजसंस्था नफर्काउँदासम्म अनिश्चितकालीन आन्दोलनको घोषणा गरेको हो । शान्तिपूर्ण, भद्र अवज्ञा र सत्याग्रह आन्दोलनका स्वरूपमा हुने दाबी गरिएपनि पछिल्लो समय आन्दोलनको रूप फेरिदै अभद्र र उच्छृङ्खल बन्दै गएको हो ।

'संविधानद्वारा प्रदत्त अधिकारको प्रयोग गर्दै उपरोक्त उद्देश्य प्राप्तिका लागि सशक्त जनदबाब सिर्जना गर्न १५ जेठदेखि अनिश्चितकालीन जनआन्दोलन गर्ने घोषणा गर्दछौं,' आन्दोलन थाल्नु पूर्व संयुक्त जनआन्दोलन समितिका संयोजन सुवेदीले भनेका थिए, 'यो आन्दोलन शान्तिपूर्ण, भद्र अवज्ञा र सत्याग्रह आन्दोलनका स्वरूपमा हुनेछ ।' पहिलो दिन शान्ति ऱ्याली निकालेका राजावादीहरूले चौथो दिन आइतबारसम्म आइपुग्दा प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार र राष्ट्रपति भवन शीतल निवासलाई टार्गेट गरेर अघि बढेपछि प्रहरी र आन्दोलनकारीबीच घम्साघम्सीको स्थिति बनेको थियो । सोही क्रममा प्रहरीले पृष्ठ २ मा

## आन्दोलनको स्वरूप फेर्ने चेतावनी

आन्दोलनरत नेताहरुमाथि प्रहरीले धरपकड गरेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले आन्दोलनको रूप फेरिने बताएका छन् । विशेषगरी कमल थापा, दीपक सिंह लगायतको पक्राउ पछि राप्रपाको आकस्मिक बैठक बसेर आन्दोलनको स्वरुप फेर्ने चेतावनी दिएका हुन् ।

आइतबार केन्द्रीय कार्यसम्पादन समितिको आकस्मिक बैठक बसेको थियो । बैठकले असंवैधानिक पक्राउ नगर्न चेतावनी दिएको छ ।

सँगै, निषेधित क्षेत्र नतोकिएको स्थान नारायणचौर, नक्साल क्षेत्रमा भएको प्रदर्शनमा प्रशासनिक हस्तक्षेप भएको भन्दै राप्रपाले भर्त्सना गरेको छ । प्रशासनको निषेधाज्ञा, राजावादीको बन्द पृष्ठ २ मा

# बिरामीमाथि गम्भीर खेलबाड

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, १८ जेठ ।



शुक्रबार रातिको समय । वीरगञ्जको नारायणी अस्पतालमा सधैंजस्तै सीसीयु र आईसीयु कक्षमा गम्भीर बिरामीहरू उपचाररत थिए । तर रातको १० बजेसँगै अस्पताल एक्कासी अन्धकारमा डुब्यो । यिनै कक्षहरू, जहाँ हरेक सेकेन्ड जीवनको आशामा लडिँदै थियो, त्यहीं ३ घण्टासम्म विद्युत् अवरुद्ध हुँदा १७ जना बिरामीको ज्यान जोखिममा पऱ्यो ।

बाहिर आँधी थिएन, भुइँचालो आएको थिएन, तर आईसीयुभित्र भने आतंकको आँधी चल्यो । अक्सिजनमा निर्भर बिरामीको छटपटी, उपकरण नचल्दा उठेको हतासो र आफन्तहरूको रोदन-त्यो रात एउटा दुःस्वप्न जस्तै बन्यो ।

'मोबाइलको टर्च बालेर बिरामीको सास चलिरहेको छ कि छैन हेऱ्यौं', आइसीयुमा अकस्मात बत्ति गएपछि विरामीको उपचार गराउन आएको एक कुरुवाले भने, 'त्यतिबेला लाग्यो, अब हामी आफ्ना मान्छे यही अन्धकारमा गुमाउनेछौं ।'

३ घण्टा अर्थात् राति १० बजेदेखि १ बजेसम्म नारायणी अस्पतालमा बत्तिविहीन रह्यो । त्यति लामो समय जीवनरक्षक उपकरण निष्क्रिय हुँदा न त अस्पतालको जेनरेटर चल्यो, न त कुनै आपतकालीन ब्याकअपकै व्यवस्था भयो । एक प्राविधिकले आक्रोश पोखे, 'जेनरेटर बिग्रिएको छ , ब्याकअप छैन, अनि आईसीयु कसरी चल्छ ?'

घटनाका बेला अस्पतालका प्रमुख डा. चुमनलाल दास अस्पतालमा थिएनन् । जिम्मेवारी सम्हालिरहेका निमित्त मेसु डा. चित्तरञ्जन साहले अवस्था नबुझ्दै बिरामीलाई अन्य अस्पताल लैजान सुझाव दिए । 'उपचार होइन, बिरामी सार्नुस् भनियो,' एक पीडित आफन्तको गुनासो थियो, 'यस्तो सल्लाहले हाम्रो डर झन् बढ्यो ।'

मानवअधिकारकर्मीहरू, स्थानीय सञ्चारकर्मीहरू र सरोकारवालाहरू राती नै अस्पताल पुगे । उनीहरूले देखेको दृश्य, सुनेको चिच्याहट र भोगेको अव्यवस्था ती कुनै पनि अस्पतालका लागि स्वाभाविक मान्न सकिने थिएनन् ।

'सीसीयुभित्र टर्चको उज्यालोमा नाडी नापिँदै थियो, बाहिर हातको पंखाले ज्यान जोगाइँदै थियो', एक स्थानीयले भने । शनिबार बिहान प्रमुख जिल्ला अधिकारी गणेश अर्याल र पर्साका प्रहरी प्रमुख गौतम मिश्रले अस्पतालका पदाधिकारीहरूसँग संयुक्त बैठक गरे । प्रजिअ अर्यालको भनाइ थियो, '३ घण्टा आइसियुमा बिजुली नहुनु सामान्य होइन । यदि ज्यान गइसकेको भए, जिम्मा कसले लिने ?'

उनले यस्ता गल्ती दोहोरिन नदिन व्यवस्थापन सुधारको निर्देशन दिए । प्रहरी प्रमुख मिश्रले आईसीयु, सीसीयुमा २४ घण्टा प्राविधिक र इलेक्ट्रिसियनको उपस्थितिलाई अनिवार्य बनाउन जोड दिए ।

अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताले कमजोर वायरिङकै कारण सर्ट सर्किट भएको बताए । '२ जना गम्भीर बिरामीलाई सार्ने तयारी थाल्दा बिजुली फर्किएको हो,' उनले जानकारी पृष्ठ २ मा

# यातायात व्यवसायी आन्दोलित, अप्ठ्यारोमा सरकार

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १८ जेठ

गण्डकी प्रदेश सरकारले राइड सेयरिङसम्बन्धी नियमावली ल्याएपछि त्यसको विरोधमा यातायात व्यवसायीहरू आन्दोलित भएका छन् । यसैको विरोधमा गण्डकी प्रदेशमा ३ दिनदेखि सार्वजनिक यातायात ठप्प छ भने व्यवसायीहरू देशैभर यातायात बन्दको घोषणा गरेका छन् ।

यातायात व्यवसायीहरूको छाता संगठन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सोमबारबाट देशभर चल्ने छोटा, मध्यम र लामा दुरीका सवारीसाधन अनिश्चितकालीन ठप्प पार्ने




चेतावनी दिएको छ । व्यवसायीहरुले सवारीसाधन घर, ग्यारेजमा थन्क्याएर आन्दोलनमा उत्रने जनाएका हुन् ।

गण्डकी प्रदेश सरकारले राइड सेयरिङको नाममा निजी गाडीलाई भाडाका सवारीसाधन सरह प्रयोग गर्न दिने निर्णय गरेको भन्दै उनीहरूले आपत्ति जनाएका हुन् ।

सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपाल, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, नेपाल ट्रक यातायात व्यवसायी महासंघ, नेपाल यातायात मजदुर संघलगायतले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै सार्वजनिक यातायातलाई बचाइदिन सबैमा पृष्ठ २ मा

## कर्णालीमा पनि आन्दोलन

कर्णालीका यातायात व्यवसायीले पनि सोमबारदेखि आन्दोलन गर्ने भएका छन् । निजी सवारी साधनलाई यात्रु बोक्ने सुविधा सरह सञ्चालनको अनुमति दिने गरी देशका सबै प्रदेश सरकारले नियमावली ल्याउन लागेको भन्दै सार्वजनिक यातायात व्यवसायीहरू आन्दोलित भएका हुन् ।

सवारी ऐन विपरीत संघीय सरकारसँग बाझिने गरी सातै प्रदेश सरकारहरूले निजी सवारी साधनलाई यात्रु बोक्ने सुविधा सरह सञ्चालनको अनुमति दिने नियमावली ल्याउन लागेको भन्दै सार्वजनिक यातायात बचाउ केन्द्रीय पृष्ठ २ मा

## वार्तामा आउन पुनः आह्वान

गण्डकी प्रदेश सरकारले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीलाई वार्तामा आउन पुनः आह्वान गरेको छ । प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले गठन गरेको वार्ता समितिले व्यवसायीलाई वार्तामा आउन आइतबार पत्रकार सम्मेलनमार्फत आह्वान गरेको हो । मन्त्रालयले सचिव कमलकुमार अधिकारी नेतृत्वको वार्ता पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# भिजिट भिसा ठगीका १ हजार बढी प्रमाण २४ घण्टामै संकलन !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ ।

भिजिट भिसा सेटिङ प्रकरणमा गृहमन्त्री रमेश लेखकलाई निशानामा राखेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २४ घण्टामै १ हजार बढी पीडितका प्रमाण आएको बताएको छ ।

पार्टीका प्रवक्ता एवं सांसद मनिष झाले भिजिट भिसाका आधारमा विदेश जान खोज्दा ठगीमा परेका नेपालीहरूको तथ्यांक संकलन गरिरहेको बताएका छन् । उनले सामाजिक सञ्जालका ह्वाट्सएप र इमेलमा २४ घण्टामै १ हजार बढी पीडितले प्रमाणसहित ठगीमा परेको व्यहोराका विवरण पठाएको बताए ।

रास्वपाका सांसदहरू झासहित सोबिता गौतम, शिशिर खनाल, हरि ढकालगायतले बुधबारदेखि प्रमाणसहित ठगीमा परेको उजुरी पठाइदिन आग्रह गरेका थिए । प्रवक्ता झाले सञ्चारकर्मीहरूलाई भने, '२४ घण्टामै भिजिट भिसामा भएका ठगीका १ हजारभन्दा बढी प्रमाण आइपुगेका छन् ।'

उनले प्राप्त विवरणमा भिजिट भिसामा विदेश जाँदा ठगिएको, ठूलो रकम बुझाएर पनि काम पाउन नसकेको तथा लुटिएका जस्ता पीडा व्यक्त भएको भन्दै विगत ५ वर्षमा मात्र ७ लाखभन्दा बढी नेपाली भिजिट भिसामा विदेश गएको र त्यसमध्ये करिब ४ प्रतिशतलाई मात्र त्रिभुवन अन्तर्राष्ट्रिय पृष्ठ २ मा

## बुल्गेरियाले ६ महिनामा ५० हजार विदेशी कामदार लिने

**काठमाडौं/मस–** युरोपेली मुलुक बुल्गेरियाले यस वर्ष अर्थात सन् २०२५ मा ५० हजार विदेशी कामदार लिने बताएको छ । दक्षिणपूर्वी युरोपेली मुलुक बुल्गेरियाका सबै क्षेत्रहरूमा गम्भीर श्रम शक्तिको अभाव झेलिरहेको छ । जसले पर्यटन उद्योग सबैभन्दा बढी प्रभावित भएको बताइएको छ ।

बुल्गेरियाले ५० हजार विदेशी कामदार भर्ना नगरे पर्यटन उद्योग समस्यामा पर्ने विज्ञहरूले चेतावनी दिएका छन् । बुल्गेरियामा हाल विदेशी श्रमिकको अभाव पर्यटनमा मात्र नभएर निर्माण, यातायात र स्वास्थ्य सेवाले पनि पृष्ठ २ मा

# मृत्यु–चिन्तन गर्दागर्दै अस्ताए रसिक

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १८ जेठ

वरिष्ठ सर्जक, गीतकार, गायक र साहित्यकार गणेश रसिकको ७८ वर्षको उमेरमा आइतबार बिहान निधन भएको छ । ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा प्रोस्टेट क्यान्सरको उपचार गराइरहेका रसिकको निधन भएको हो ।

भोजपुर छिनामाखुमा ४ असोज २००४ मा जन्मिएका रसिक ५० को दशकमा इलाम सरेका थिए । करिब ५ दशकअघि 'लेकाली' समूहबाट गायन क्षेत्रमा आएका रसिकले कवि, गीतकार, सङ्गीतकार, लेखक, निबन्धकार र नियात्राकारका रूपमा परिचय बनाएका छन् । उनका सारङ्गीभित्र कथासङ्ग्रह, गणेश रसिकका गीतहरू, आकाश गंगाको ओतमुनि, दशगजामा उभिएर, जब सिस्नोहरू टेक्दै पृष्ठ २ मा



## मृत्युसँग साक्षात्कार

क्यान्सरकै कारण सानै उमेरमा आमा गुमाउनु, आँखैअघि तीन जना भाइको दर्दनाक मृत्यु देख्नु, ३२ वर्षीय छोराले लिएको अन्तिम स्वासको साक्षी बस्नु, ४७ वर्षदेखि सँगै रहेकी जीवनसंगिनी गुमाउनु ! अनि यी सारा मानिससँग जोडिएका सम्झनाहरूको भुईंकुहिरोभित्र हराइरहनु । स्मृतिका गल्लीहरूमा सधैंसधैं बरालिएर पृष्ठ २ मा

## होनहार प्रतिभा

उनी नेपाली गीत संगीतको पहिलो पुस्ता नातिकाजी, अमर गुरूङ, बच्चु कैलाश, नारायणगोपाल, गोपाल योञ्जन, तारादेवी, अरुणा लामापछिको दोस्रो पुस्ताको होनहार प्रतिभा समेत हुन् ।

'हटेर होइन, डटेर लड्ने नेपालीको बानी हुन्छ', 'तराई हेर कति राम्रो हरियो वन हुनाले', 'मेरो टाउको सानो छ, यो टाउको विशाल देश छ', 'रातो भाले क्वाँए क्वाँए'जस्ता राष्ट्रिय र लोकगीत उनले गाएका छन् । उन केही रचना विद्यालयका पाठ्पुस्तकमा पनि समावेश छ ।

साहित्यका विभिन्न विधामा कलम चलाएका पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# दरबार हत्याकाण्डको २४ वर्ष

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ

तत्कालीन राजा वीरेन्द्रको वंशनाश हुने गरी भएको राजदरबार हत्याकाण्डको सोमबार २४ वर्ष पूरा भएको छ।

१९ जेठ २०५८ मा भएको दरबार हत्याकाण्डले यो दिनलाई नेपालको इतिहासमा कालो दिनको रूपमा लिइन्छ। उक्त साँझ नारायणहिटी राजदरबारभित्र तत्कालीन राजा वीरेन्द्रसहित उनको परिवारका रानी ऐश्वर्य, युवराज दीपेन्द्र र नीराजन तथा युवराज्ञी श्रुति शाहसहितको एकै चिहान भएको थियो।



हत्याकाण्डमा रतत्कालीन राजकुमार धीरेन्द्र, राजकुमारी जयन्ती, राजकुमारी शान्ति, राजकुमारी शारदा, कुमार खड्ग र अन्य राजपरिवारका सदस्यहरू पनि मारिएका थिए। सो हत्यालाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'ग्रयान्ड डिजाइन'को संज्ञा दिएपनि अहिलेसम्म हत्या कसले र किन गऱ्यो भन्ने यकिन तथ्य बाहिर आउन सकेको छैन।

तत्कालीन सभामुख तारानाथ रानाभाटको संयोजकत्वमा गठित दरबार हत्याकाण्ड छानबिन आयोगले युवराज दीपेन्द्रले नै राजपरिवारको हत्या गरेको प्रतिवेदन सार्वजनिक गरेको थियो। तर, सो प्रतिवेदनप्रति आम नागरिकले विश्वास गरेका छैनन्। बरू सो घटनामा पूर्वराजा ज्ञानेन्द्र शासकै हात रहेको आरोप लाग्दै आएको छ। राजा वीरेन्द्रको हत्यापश्चात उनका माइला भाइ ज्ञानेन्द्र राजा बनेका थिए। हत्याकाण्डको ७ वर्षपछि अर्थात् १५ जेठ २०६५मा मुलुकबाट राजतन्त्र समाप्तिको घोषणासँगै उनी नै नेपालको इतिहासमा अन्तिम राजा बनेका छन्। राजगद्दी छाडेको १७ वर्षपछि अन्तिम राजा ज्ञानेन्द्रले फेरि फर्कनसक्ने सन्देशसहित चलखेल बढाएका छन्।

# इँटको जवाफ पत्थरले दिनुस्, केही परे हामी छौं : प्रचण्ड




**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजावादीप्रति लक्षित इँटको जवाफ पत्थरले दिनुपर्ने बताएका छन्। योङ कम्युनिष्ट लिगको तेस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले यस्तो बताएका हुन्।

उनले राजावादीहरुप्रति कटाक्ष गर्दै आफूहरु कसैलाई पनि आक्रमण गर्न नजाने र शान्तिपूर्ण आन्दोलन गर्ने बताए। उनले माओवादीमाथि कोही जाइलाग्छ भने त्यसलाई इँटको जवाफ पत्थरले दिन निर्देशन दिँदै केही परे आफूहरु रहेको भन्दै सान्त्वना दिए।

जरुरी परेको खण्डमा जस्तोसुकै विद्रोह पनि गर्न सकिने अध्यक्ष प्रचण्डको चेतावनी थियो। माओवादीले चलाएको अभियान आवश्यक परेको बेलामा अर्को क्रान्तिको तयारी भएको उनले बताए। अध्यक्ष प्रचण्डले आउने दिनमा क्रान्ति गरेर वा निर्वाचनबाट नेपाल माओवादीले लिनैपर्ने नत्र बर्बाद हुने बताए। अध्यक्ष प्रचण्डले गणतन्त्रको रक्षा गर्ने माओवादी केन्द्रकै जिम्मेवारी रहेको बताए।

उनले भने, 'गणतन्त्र सबैको साझा उपलब्धि हो, यसको संस्थागत र वैचारिक रक्षा गर्न सक्ने नेतृत्व माओवादीसँग छ', अध्यक्ष दाहालले भने, 'राजावादीहरू माओवादीले मात्र गणतन्त्र ल्याएको हो, गणतन्त्र प्रचण्डको हो भनेर प्रचार गर्छन्। यो सुन्दा मिठो लाग्न सक्छ, तर उनीहरूको उद्देश्य गणतन्त्रवादी शक्तिलाई फुटाउन सकिन्छ कि भन्ने हो, यसको सशक्त प्रतिवाद गर्नुपर्छ।'

मुलुकलाई संघीय लोकतान्तिक गणतन्त्रमा लैजान माओवादी जनयुद्धको महत्त्वपूर्ण भूमिका भए पनि तत्कालीन अवस्थामा नेपाली कांग्रेस, नेकपा (एमाले) र जनताको सहयात्राले गणतन्त्र स्थापना भएको अध्यक्ष दाहालको भनाइ थियो। वाइसिएलका इन्चार्ज रामप्रसाद सापकोटाले मुलुकमा गणतन्त्र ल्याउन लडेका युवा यसको रक्षा गर्न पनि अग्रपङ्क्तिमा उभिने बताए।

## चर्कदै...

राप्रपाका सांसद दीपक सिंह, राप्रपा नेपालका अध्यक्ष कमल थापासहित ८ जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) अपिलराज बोहराका अनुसार राप्रपाका सांसद दीपक सिंह, पूर्व उपप्रधानमन्त्रीसमेत रहेका राप्रपा नेपालका अध्यक्ष थापालाई पक्राउ गरिएको हो। त्यस्तै पक्राउ पर्ने आन्दोलनकारीहरूमा ललितपुर जावलाखेलकी ६२ वर्षीया शिला राणा, भक्तपुर थिमिका ३२ वर्षीय रोकश बस्नेत, नुवाकोटको पञ्चकन्या नगरपालिका-१ का ३४ वर्षीय रामचन्द्र लामिछाने, टोखा नगरपालिका-२ का ३३ वर्षीय विनोद कपाली, भक्तपुरको चाँगुनारायणका ३४ वर्षीय सरोज तिमिल्सिना र डा.राजीव झा छन्। थापासहित ७ जनाले निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरीले पक्राउ गरेको बोहराले बताए। आन्दोलनमा सहभागी नेताहरू पक्राउ परेको विरोधमा राप्रपा नेपालका कार्यकर्ताले राँके जुलुस निकाले। उनीहरूले आइतबार साँझ कालोपुल, सिफल क्षेत्रमा राँकेजुलुस निकालेका थिए।

सबै विचारधारा र शक्ति अटाउने संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र, सर्वधर्म, समभाव, पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दू राष्ट्रको स्थापना तथा केन्द्रमा एउटा बलियो सरकार र स्थानीय तहमा शक्ति हस्तान्तरणको मान्यताअनुरूप अहिलेको भन्दा बढी अधिकार सम्पन्न स्थानीय सरकार स्थापना गरी दुई तहको सरकार बनाउनुपर्ने आन्दोलनरत पक्षको माग छ।

तर गणतन्त्रवादी राजनीतिक दलहरू यो विषयमा सहमत छैनन्। राजाको शासनकाल भोग्दै लामो संघर्षपछि राजतन्त्रात्मक व्यवस्था फालेर जनताको छोरो राष्ट्रपति हुने वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याएकाले यो व्यवस्थाको विकल्प नभएको नेपाली कांग्रेसका नेता एनपी साउदले बताए। उनले भने ' यो व्यवस्था भन्दा उत्तम व्यवस्था अरू हुनै सक्दैन। राजा ल्याउनुपर्छ भन्ने साथीहरूले त्यो बेलाको अवस्थालाई सम्झनुहोस् त कति कहालीलाग्दा दिनहरू थिए। त्यस कारण फेरि राजसंस्था आउँछ र ल्याउनपर्छ भन्नु देश र जनतालाई फेरि अध्यारोतर्फ लैजानु हो।' लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको विकल्प अझै सुदृढ लोकतन्त्र मात्रै हुन सक्ने उनको धारणा छ।

यद्यपि राजा भित्र्याउने अभियानमा लागेका नेताहरूले भने यो आन्दोलन नै राजा फर्काउने अन्तिम आन्दोलन जस्तो गरी अभिव्यक्ति दिदै आन्दोलनलाई उग्र बनाउनेतर्फ अग्रसर देखिएका छन्। नेपाल अहिले गम्भीर आर्थिक संकटको संघारमा आइपुगेको भन्दै २०७२ साल असोजमा जारी गरिएको संविधानले स्थापना गरेको संघीय, धर्मनिरपेक्ष गणतन्त्र पूर्ण रूपमा असफल प्रमाणि भएको उनीहरूको दाबी छ।

## आन्दोलनको...

राजावादी आन्दोलनको स्वरूप फेरिएसँगै काठमाडौंको कोटेश्वर, बल्खु र चाबहिलस्थित सिफल चौर क्षेत्रमा निषेधाज्ञा जारी भएको छ। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले यी क्षेत्रमा २ महिनासम्म कुनै राजनीतिक गतिविधि गर्न नपाउने गरी निषेधाज्ञा जारी गरेको हो। यस अघि राजावादीहरूको आन्दोलनलाई मध्यनजर गर्दै दरबारमार्ग क्षेत्रमा प्रशासनले निषेधाज्ञा जारी गरेको थियो।

त्यस्तै राजावादी समूहले उपत्यका बन्द गर्ने घोषणा गरेका छन्। राजसंस्था पक्षको भद्र आन्दोलनमाथि सरकारको दमनकारी नीतिका कारण आन्दोलनको स्वरुप परिवर्तन गर्न बाध्य भएको भन्दै राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिले सोमबार उपत्यका बन्दको घोषणा गरेका हुन्।

संयोजक सुवेदीले एक विज्ञप्ति जारी गर्दै सरकारले आफूहरूको आन्दोलनमा बर्बर दमन गरेको आरोप लगाएको छ। 'सरकारको बर्बर दमनको विरोध गर्दै हामी आन्दोलनको स्वरुप परिवर्तन गर्न बाध्य भएका छौं। यसै क्रममा सोमबार १९ जेठमो उपत्यका बन्दको घोषणा गरेका छौं,' सुवेदीले विज्ञप्तिमार्फत भनेका छन।

उपत्यका बन्दको क्रममा आ-आफ्नो टोल र चोकमा बसेर सक्रिय भूमिका निर्वाह गर्न आन्दोलनकारीहरूलाई आह्वान गरिएको छ। आइतबार आन्दोलनको क्रममा राप्रपा नेपालका अध्यक्ष थापासहितमाथि प्रहरीले दमन गरेको राजावादी समूहले आरोप लगाएको छ।

## बिरामीमाथि...

दिए। नारायणी अस्पताल मधेशका ठूलो अस्पतालभित्र पर्छ। आर्थिक रूपमा कमजोर वर्गका लागि यो जीवनको अन्तिम भरोसा पनि बनेको छ। तर यही अस्पतालमा यति ठूलो लापरवाही हुनु केवल प्राविधिक असफलता होइन, जनस्वास्थ्यप्रति राज्यको दृष्टिकोणमाथि उठेको गम्भीर प्रश्न पनि रहेको मानवअधिकारवादीहरू बताउँछन्।

मानवअधिकारकर्मी, स्वास्थ्य सरोकारवाला र स्थानीय नागरिकहरूले सरकारसँग यस घटनाको निष्पक्ष र छिटो छानबिन, दोषीमाथि कारबाही गर्न तथा अस्पतालको आकस्मिक तयारी प्रणालीलाई मजबुत बनाउने दीर्घकालीन नीति बनाउन माग गरेका छन्।

## यातायात...

अपिलसमेत गरेका छन्। संविधानको धारा ५७ को उपधारा ६ उपधारा ३ वा ५ र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरीत हुने गरी राईडर सेयरिङ नियमावली ल्याएको यातायात व्यवसायीको आरोप छ।

संघीय सवारी ऐन २०४९ को विपरीत भएको र सबै प्रदेशहरूले यस्तै कानुन बनाएको अवस्थामा सार्वजनिक यातायात क्षेत्र नै धरापमा पर्ने उनीहरूको भनाइ छ।

निजी प्रयोजनको लागी खरिद गरिएका पुराना १० बर्से २ पाङ्ग्रे सवारी साधन, १५ वर्ष पुराना निजी ४ पाङ्ग्रे सवारी साधनलाई भाडाका सवारी साधन सरह प्रयोग गर्ने गरी नियमावली गण्डकी सरकारले ल्याएको यातायात व्यवसायीको भनाइ छ। सो विषयमा सरकारलाई ७ बुँदे ज्ञापनपत्र बुझाउँदा समेत वास्ता नगरेकाले आन्दोलनमा उत्रिएको उनीहरूको दाबी छ।

'आजसम्म पनि सरकारले सुनुवाइ नगरेको हुँदा बाध्य भई हाम्रा सवारी साधन सोमबारदेखि घर ग्यारेजमा थन्काएर आन्दोलनमा उत्रिने निर्णय गरिएको छ', विज्ञप्तिमा भनिएको छ।

महासंघका अध्यक्ष विजयबहादुर स्वारले भने, 'संघीय कानुनसँग बाझिने गरेर प्रदेशहरुले कानुन बनाउन पाउँदैनन्। एउटा प्रयोजनका लागि दर्ता भएको गाडी अर्को प्रयोजनका लागि चलाउन पाइँदैन।' उनले राइड सेयरिङ व्यवस्थित गरेर जाने र निजी सवारीसाधनलाई राइड सेयरिङ गर्न नदिने भनेर मौखिक सहमति भएपनि गण्डकी सरकाले त्यसअनुसार नियमावली नल्याएको बताए।

यस्तै, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले घर-ग्यारेजमा गाडी थन्क्याएर सरकारलाई चाबी बुझाउने अवस्था नआओस् भन्दै चेतावनी दिए।

सार्वजनिक यातायात बचाऊ केन्द्रीय आन्दोलन परिचालन कमिटीका संयोजकसमेत रहेका सिटौलाले पेसागत हितका माग गर्दा सरकारलाई यातायातका साधनका चाबी नै बुझाउने अवस्था आएको बताए।

'यदि सरकारले हाम्रो पेसागत हितको लागि गरेको आन्दोलनको कुरा सुनेन भने चाबी नै सरकारलाई बुझाउने समय पनि आउन सक्छ,' उनले भने।

## कर्णालीमा...

संघर्ष समितिका कर्णाली प्रदेशका संयोजक रमेश सापकोटाले बताए।

'गण्डकी प्रदेश सरकारले ल्याएको जुन विधेयक छ। त्यो खारेज गरिनुपर्छ,' उनले भने,'गण्डकी प्रदेश सरकारले निजी सवारीसाधन सञ्चालन गर्न ल्याएको नियमावली व्यवसायीको हितका छैन।'

गण्डकी प्रदेश सरकारले रातो नम्बर प्लेटका निजी सवारी साधनमा कालो नम्बर प्लेकका सार्वजनिक सवारी साधनमा जसरी मानिस बोक्न सक्ने व्यवस्था गरेपछि आफूहरुको आन्दोलनको सुरुवात भएको व्यवसायीहरूको भनाइ छ।

## वार्तामा...

समिति बनाएको छ। वार्ता समिति संयोजक अधिकारीले राइड सेयरिङ नियमावली खारेज नहुने तर त्यसमा केही संशोधन गर्नुपर्ने भए बैठक बसेर छलफल गर्न सकिने बताए। उनले बन्द-हड्तालका कार्यक्रम स्थगित गरेर वार्तामा बस्न महासंघलाई आग्रह गरे।

मन्त्रालयका सचिव अधिकारीको नेतृत्वमा उपसचिव, इन्जिनियर र अधिकृत संलग्न ५ सदस्यीय वार्ता समिति गठन गरिएको थियो।

महासंघको तर्फबाट ५ जनालाई जेठ १४ को वार्तामा सहभागी हुन मन्त्रालयले पत्र पठाएको थियो। त्यसमा व्यवसायी गएनन्। व्यवसायीले आन्दोलन केन्द्रीय स्तरमा चर्किएकाले अब प्रदेशमा वार्ता गर्नुको औचित्य नभएको बताउँदै आएको छ। नियमावली खारेज गर्ने भए मात्र वार्तामा बस्ने व्यवसायीको भनाइ छ।

## भिजिट...

विमानस्थलबट फर्काइएको दाबी गरे। रास्वपाले संकलित प्रमाणहरूलाई आवश्यक अनुसन्धानका लागि सम्बन्धित निकायमा बुझाउने भन्दै गम्भीर अनुसन्धान गरी दोषीमाथि कडा कारबाही हुनुपर्ने पनि माग गरे।

भिजिट भिसा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईसहित ५ जनामाथि अनुसन्धान गरिरहेको छ। रास्वपाले त्यसमा गृहमन्त्री लेखकको प्रत्यक्ष-अप्रत्यक्ष सहभागिता रहेको भन्दै राजीनामा माग गरिरहेको छ।

## बुल्गेरियाले ...

झेल्नुपरेको बताइएको छ। वृद्ध जनसंख्या, मुलुकको श्रम जनशक्ति पश्चिमी युरोपमा बसाइँसराइ गर्नु मौसमी वा म्यानुअल कामहरूमा स्थानीय घरेलु कामदारको अरुची जस्ता कारणले बुल्गेरियाली कम्पनीहरूमा कम-दक्ष र उच्च-दक्ष दुवै क्षेत्रमा विदेशी कामदार माग बढिरहेको बताइएको छ।

बुल्गेरियामा हाल नेपालसहित टर्की, उज्बेकिस्तान, कीर्गिस्तान र मोल्डोभाबाट धेरै कामदार गएका छन्। त्यसमध्ये उनीहरू सेवा, यातायात र निर्माण क्षेत्रमा कार्यरत छन् भने चाँडै नै थप क्षेत्रहरू खुल्ने अपेक्षा गरिएको छ।

विदेशी कामदारको बढ्दो आवश्यकताको बाबजुद भर्ना गर्ने प्रक्रियामा रहेको ढिलाइले कागजी पूरा गरेर विदेशी कामदार लैजान ६ देखि ९ महिना लाग्न सक्ने बताइन्छ।

बुल्गेरियामा ठूला उद्योगहरूलाई कुल कर्मचारीको २० प्रतिशतसम्म तथा साना र मध्यम आकारका उद्योगहरूलाई कुल कर्मचारीको ३५ प्रतिशतसम्म विदेशी कामदार भर्ना गर्न पाउने छुट रहेको छ।

बढ्दो श्रम अभावलाई सम्बोधन गर्ने तरिकाहरू खोज्दै गर्दा निकट भविष्यमा सरकारले यी प्रतिबन्धहरू पुन:मूल्यांकन गरी थप विदेशी कामदार ल्याउन अनुमति दिन सक्ने स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

## मृत्यु...

हिँडेलगायतका कथा, कविता, निबन्ध, नियात्रा र संस्मरणसहित दर्जनभन्दा बढी कृति प्रकाशित छन्। उनका छोरा र श्रीमतीको यसअघि नै निधन भइसकेको छ।

## मृत्युसँग...

बिरामी जिन्दगीलाई मायाले सुमसुम्याइरहनु! ७८ वर्षसम्म रसिकले बाँचेको जीवनका उबडखाबड श्रृंखला यस्तै थियो।

जीवनको आफ्नो मृत्यु निश्चित जस्तै देखेका रसिक शुभचिन्तकसँग पनि मृत्युका गफ गर्थे। अनि मृत्यु-चिन्तन गर्थे। तर पनि धमिराले खाएको रुख जस्तो भित्रभित्रै खोक्रो भइसके पनि मुस्कुराउँदै गफ गर्थे।

## होनहार...

रसिकका दर्जन हाराहारी पुस्तक तथा थुप्रै गीत संग्रह प्रकाशित छन्।

रसिकका क्षितिजलाई 'छुन खोज्दा' (कथासंग्रह २०२४), ' एउटा सारंगी छुन खोज्दा' (कथासंग्रह २०२७), 'रसिकका गीतहरु' (गीतसंग्रह २०४५), ' आकाशगंगाको ओतमुनि' (उपन्यास २०४८), 'जब सिस्नुहरु टेक्दै हिँडें' (संस्मरण २०५५), 'बिलाउँदै गएका गीत' (कथासङ्ग्रह० २०५८), 'दशगजामा उभिएर हेर्दा' (उपन्यास २०६३), 'स्वाधिनताको पीडा' (गीतसङ्ग्रह २०६८) , 'पेरुङ्गो संस्करण' (पाँच कृति २०७३) लगायत प्रकाशित छन्।

रसिकले आफ्ना कालजयी गीतहरूमार्फत जीवनका उच्चतम मूल्य, भावना र पीडालाई पोखेका छन्। उनका कृतिहरूमा माटोको सुगन्ध र देश प्रेम पाइन्छ। कृतिमा रसिकले जीवन, मृत्यु, दुःख, पीडा, सामाजिक परिवेश, संस्कृति, माटो र देशप्रेमलगायत पाटोलाई समेटेका छन्।

उनले रत्न रेकर्डिङ संस्थानको अध्यक्ष तथा महाप्रबन्धक, सांस्कृतिक संस्थानको महाप्रबन्धक, साझा प्रकाशनको अध्यक्ष तथा महाप्रबन्धक, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव जस्ता प्राज्ञिक संस्थानहरूको उच्च पदमा रहेर समेत जिम्मेवारी सम्हालेका थिए।

# सेवा समर्पण नेपालद्वारा गोरखाका १६० विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



**गोरखा/मस–** अमेरिकी सेनामा कार्यरत केही नेपालीहरु र नेपालमै रहेका समाजसेवी मिलेर स्थापना भएको सेवा समर्पण नेपालले नेपालका विभिन्न क्षेत्रमा सामाजिक कार्य गर्दै आएको छ।

यसैक्रममा नेपालले गोरखाका ५ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा सहयोग प्रदान गरेको छ। मुनलाइट सोसाइटी नेपालसँगको सहकार्यमा उक्त सहयोग प्रदान गरिएको हो।

शुक्रबार र आइतबार गरी गोरखाको गण्डकी गाउँपालिकामा रहेका कालिका आधारभूत विद्यालय, दीर्घेश्वर आधारभूत विद्यालय, जनप्रिया आधारभूत विद्यालय, सिद्धकाली माध्यमिक विद्यालय र गण्डकी आधारभूत विद्यालयकाका १ सय ६० विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरिएको समर्पण नेपालले जनाएको छ।

विगतदेखि नै यो संस्था शिक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन र राहत कार्यमा सक्रिय संस्थाको रुपमा चिनिन्छ। सो संस्थाले विगतका वर्षहरूमा पनि विभिन्न ठाउँमा सहयोग गर्दै समाजसेवामा निरन्तरता दिँदै आएको छ।

संस्थाले आपत विपद्मा परेका जोसुकै नेपालीलाई सकेको मद्दत गर्ने नीति लिएको छ। सहयोग आवश्यक पर्ने जो कसैले पनि सेवा समर्पण नेपालको आधिकारिक फेसबुक पेजमार्फत सम्पर्क गर्न सकिने जनाइएको छ।

# रौतहटमा विपद् व्यवस्थापनको पूर्वतयारी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १८ जेठ

मनसुनजन्य प्रकोपबाट हुने धनजनको क्षतिलाई न्यूनीकरण तथा राहत र उद्धार जस्ता कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न रौतहटमा सरोकारवाला निकायहरुले पूर्व तयारीका साथ ऐक्यबद्धता जाहेर गरेका छन्।

प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्काको अध्यक्षतामा आइतबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले विपदको पूर्व तयारी, राहत, प्रतिकार्य र समन्वयबारे विभिन्न महत्वपूर्ण १८ वटा निर्णयहरू गर्दै ऐक्यबद्धता जनाएका हुन्।

यस वर्ष मनसुनजन्य प्रकोपले ठूलो प्रभाव पार्ने भन्ने मौसमविद्हरुबाट आएको कुराहरुलाई मनन् गर्दै बाढी, पहिरो, डुबान, सडक अवरोध जस्ता सम्भावित घटनाका लागि दमकल, एम्बुलेन्स, स्काभेटर, डोजर लगायतका साधनहरूको मर्मत गरी तयारी अवस्थामा राख्न सम्बन्धित कार्यालयहरुलाई निर्देशन गरिएको प्रमुख जिल्ला अधिकारी खड्काले बताए।

सरकारी तथा गैरसरकारी संघसंस्था पत्रकार लगायत सबैलाई समन्वयमा रहेर सचेतनामूलक कार्यक्रम सञ्चालन, पूर्वतयारी तथा प्रतिकार्यमा जुट्न अनुरोध गरिएको छ। साथै सम्भावित जोखिम नियन्त्रणका लागि तारजाली, बोरा खरिद गर्न पालिकाहरुलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी खड्काले बताए।

सुरक्षा निकाय, सम्बन्धित कार्यालय तथा संघसंस्थाहरूसँगको समन्वयमा कृत्रिम घटना अभ्यास गर्ने तयारी गरिएको छ। आइतबार बसेको बैठकबाट गृह मन्त्रालयको परिपत्र अनुसार विपद् प्रभावितको लागि उपलब्ध गराइने राहतलाई व्यवस्थित बनाउन विपद् संवेदनशिल सामाजिक सुरक्षा तथा राहत मापदण्ड २०८१ सबै स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै स्थानीय तहले मापदण्ड कार्यान्वयन गर्ने गराउने निर्णय भएको जिल्ला विपद् व्यवस्थापन समिति रौतहटका सम्पर्क व्यक्ति रामनरेश साहले बताए।

**काठ/दाउरा लिलाम बिक्री वितरण २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/२/१९ गते**

जिल्ला कैलाली मोहन्याल गाउँपालिका वडा न १ मा रहेको यस सा.व.उ.स.को वन क्षेत्रबाट आर्थिक वर्ष २०८१/२०८२ मा संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्डमा घाटगद्दी गरी राखिएको साल ४०१ थान गोलिया ३४९५.७१ क्युफिट, अस्ना ६६ थान गोलिया १३४९.१८ क्यु फिट, जामुनको ६ थान गोलिया ४७.०८ क्यु फिट जम्मा ४७३ थान गोलिया ४८९१.९७ क्यु फिट काठ र सालको ४.५ चट्टा र मिश्रित दाउरा २.५ चट्टा दाउरा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, सघंसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कोपिला सामुदायिक वन उपभोक्ता समूह**
**मोहन्याल गाउँपालिका वडा १ कैलाली**

**काठ लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/१९**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई तपसलिमा उल्लेखित घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम बिक्रि गरिने वन पैदावारको विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | सिद्धबाबा सा.व.उ.स. अमरगढी-१ | सल्ला | ५५ | ९४३.९ | अ.न.पा. १ भेटा |
| २ | पलेथर सा.व.उ.स. नवदुर्गा-१ | सल्ला | ३८१ | ४५५१.१० | नवदुर्गा-१ |

# ‘राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामै सबै रोगको परीक्षण हुने वातावरण बनाउँदै छौं’



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सबै रोगको परीक्षण गर्नेगरी क्षमता वृद्धिमा लागिरहेको बताएका छन् । नेपाल प्रेस युनियनको ३४औं स्थापना दिवसको अवसरमा आइतबार काठमाडौंमा आयोजित बृहत् स्वास्थ्य शिविर कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले जनस्वास्थ्य प्रयोगशालामा आफू मन्त्री हुनु अगाडि २० प्रतिशत मात्रै परीक्षण हुने गरेको बताउँदै आफू मन्त्री बनेपछि ५० प्रतिशत रोगको परीक्षण हुने परिस्थिति बनेको दाबी गरे । उनले निजी अस्पतालहरूले पनि उक्त प्रयोगशालामै परीक्षण गर्ने वातावरण निर्माण भइरहेको बताए ।

स्वास्थ्यमन्त्री पौडेलले अब मुलुक बाहिर पठाउन नपर्ने गरी राष्ट्रिय जनसंख्या प्रयोगशालामै सबै परीक्षण हुने व्यवस्था मिलाउन बजेट विनियोजन गरिएको जिकिर गरे । उनले बिग्रिएर फालिएका ५५ प्रतिशत उपकरणहरू राष्ट्रिय आविष्कार केन्द्रमा मर्मतपछि सञ्चालनमा आइरहेको जानकारी दिए। उनले पारदर्शी समाज निर्माण र सुशासन कायम गर्नको निम्ति पत्रकारिता जगतको उपस्थिति अनिवार्य रहेको बताउँदै यस जगतमा काम गर्नेहरूलाई उत्साहित बनाउन जरुरी रहेको बताए ।

# हेटौंडामा मनाइयो विश्व दुध दिवस

**राजकुमार केसी/मध्यान्ह**
मकवानपुर, १८ जेठ




हेटौंडामा ‘दुधको खपत बढाऔं, अर्थतन्त्रलाई सबल बनाऔं’ भन्ने मूल नाराका साथ २५औं विश्व दुध दिवस मनाइएको छ ।

राष्ट्रिय दुग्ध विकास बोर्डको अयोजनामा विश्व दूध दिवस मनाइएको हो । आइतबार बागमती प्रदेशको राजधानी हेटौंडास्थित कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशको प्राङ्गण चौकीटोलदेखि सुरू भएको प्रभातफेरी ऱ्याली रोयल प्यालेस हेटौंडामा पुगेर सभामा परिणत भएको थियो ।

राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्रप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि मन्त्री अधिकारीले किसानको समस्या समाधान गर्नको लागि सरकार प्रतिबद्ध रहेको र सबै पक्षबाट इमान्दार प्रयास गरेर किसानका समस्या समाधान गर्नुपर्ने बताए । कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका सचिव बैकुण्ठ अधिकारी, बागमती प्रदेश पशु सेवा विभागका महानिर्देशक डा.रामानन्द तिवारी, बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटा, प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेशका उपाध्यक्ष हरिप्रसाद पौडेल, केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अम्बरबहादुर कुँवर, वरिष्ठ उपाध्यक्ष कृष्णप्रसाद सापकोटा, महासचिव राम आचार्य, डेरी एसोसियसनका अध्यक्ष प्रल्हाद दाहाल, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेल लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विभिन्न विद्यामा उत्कृष्टता हासिल गरेका व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरुका रुपन्देहीका यज्ञमूर्ति खनाल उत्कृष्ठ कृषकको रुपमा सम्मनित भएका छन् । उनले १ सय ५० भन्दा बढी गाई पालेर दैनिक ८ सय लिटर भन्दा बढी दुध उत्पादन गरी बिक्री गर्दछन् ।

यसैगरी भवानी दुग्ध उत्पादक सहकारी संस्था र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ सम्मानित भएका छन् । त्यस्तै दुग्ध उद्योगीतर्फ नेपाल कृषि तथा दुग्ध विकास केन्द्र झापाका हेमचन्द्र खनाल, मोर्डन डेरी भक्तपुरका रामप्रसाद त्यात, अनमोल डेरी ईलामका गोविन्द खड्का सम्मानित भएका छन् । साथै पत्रकार रबि थापालाई सञ्चारकर्मी सम्मान, डेरी विज्ञ मदन मोहन दाशलाई विशेष सम्मान र मकवानपुर जिल्ला सहकारी संघलाई प्रसंशापत्रसहित सम्मान गरिएको छ । विश्वमा दुग्ध क्षेत्रले पोषण तथा खाद्य सुरक्षण एवम् जिविकोपार्जनमा पुऱ्याएको योगदानको मनन गर्दै दुधको उपयोगमा वृद्धि गर्न संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले सन् २००१ जुन १ देखि विश्व दुध दिवस मनाउन थालेको हो ।

**SAUDI मा रोजगार** Space Entertainment Foundation.
पुर्व स्वीकृती मिति: २०८२/२/१६ चलानी नं. ६०२३८८७२ LT No.: 324534

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Clown | 1 | 0 | [illegible] | 1200 | ४३,६७०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Loader | 1 | 0 | | 1000 | ३६,३९०।- | | | | | | | |
| ३. | Office And Facilities Cleaning Worker | 1 | 0 | | 1000 | ३६,३९०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०८२ जेष्ठ २६ गते (9 June, 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौमा हुनेछ ।

**POWER EMPLOYMENT PVT. LTD.**
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

**Malaysia मा रोजगार** Saiforce Security Services Sdn Bhd
पुर्व स्वीकृती मिति: २०८२/१/१६ चलानी नं. ६०२३८८६९ LT No.: 324788

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 30 | 0 | [illegible] | 1700 | ५४,७००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ २६ गते (9 June, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौमा हुनेछ ।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**यूएईमा रोजगार** कम्पनी: SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०८/१९ चलानी नं.: ६०२२९३७८ LT. No.:314719 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 65 | 40 | स. काममा दक्ष | 2000 | ७४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २६ र २८ गते (9 & 11 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल दिव्यश्री पोखरा, कास्कीमा २०८२ जेठ २७ गते (10 June 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट भरतपुर, चितवनमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

**यूएईमा रोजगार** कम्पनी: EHK HOSPITALITY SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०६/२९ चलानी नं.: ६०२०९१५३ LT. No.: 293979 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1350 | ५०,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 1 | 0 | | 1350 | ५०,३०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २६ गते (9 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line). www.shikharmanpower.com.np

**Malaysia मा रोजगार** Special Skill Security Services Sdn Bhd
पुर्व स्वीकृती मिति: २०८२/२/१७ चलानी नं. ६०२३८८७० LT No.: 324874

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 76 | 0 | [illegible] | 1700 | ५४,७००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ २६ गते (9 June, 2025) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौमा हुनेछ ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६
श्रम ईजाजत नं.: ५७६/०६२/६३

नेपाल सरकार
खानेपानी मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
विराटनगर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः– २०८२/०२/१९ गते**

उपरोक्त विषयमा यस आयोजना कार्यालयको तर्फबाट मिति २०८२/०१/१६ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भई आर्थिक प्रस्तावको मूल्याङ्कन हुँदा, तपशिलका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाता | कबोल गरेको रकम (मू.अ.कर र पि.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| 29/81-82/NCB-Goods/ FWSSMP_BRT | Procurement of HDPE (PE-100/PN Series) Pipe and Transportation upto Specified Project Store as per Office Work Order and Instruction. | Nepal Plastics (P). Ltd., Dharan Industrial Estate, Dharan Sunsari | २५,२०,५६६।७० | |

**आयोजना प्रमुख**

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
बझाङ्ग

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/०२/१९)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०१/३१ को सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०२/२६ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| १. | IDOBAJHANG/ W/R/NCB/081-82/26 | भाडेवगरदेखी छबिसपाथिभेरा गाउँपालिका सम्म सडक कालोपत्रे, छबिसपाथिभेरा गाउँपालिका बझाङ्ग | 1. M/s Bajarngabali Nirman Sewa, Dhangadhi Kailali<br>2. M/s Kailash Construction, D.C.M. 05, Baitadi<br>3. M/s Shree Krishna Nirman Sewa, Sandhikharka -12, Arghakhanchi<br>4. M/s SK Construction, Ganyapdhura 1 Dadeldhura<br>5. M/s SSNS-CPCS-PK JV, Dhangadhi-5, Kailali |
| २. | IDOBAJHANG/W/ MB/NCB/081-82/24 | डिलगाड प्रिस्ट्रेस सडक पुल, जयपृथ्वी नगरपालिका ०५ बझाङ्ग | 1. M/s MAHARA NIRMAN SEWA, PVT. LTD, Bhi. Na. Pa.19, Kanchanpur<br>2. M/s Jagadamba Builders Pvt. Ltd, Buddhanagar Kathmandu |
| ३. | DOBAJHANG/W/ MB/NCB/081-82/25 | सानिगाड प्रिस्ट्रेस सडक पूल, बुङ्गल नगरपालिका ०६ बझाङ्ग | 1. M/s MAHARA NIRMAN SEWA, PVT. LTD, Bhi. Na. Pa.19, Kanchanpur<br>2. M/s MN-P.K. JV, Bajhang |

**कार्यालय प्रमुख**

## Invitation for Bids

**Jhapa Rural Municipality**
**Office of Rural Municipal Executive**
**Taghandubba, Jhapa**
**Date of publication (First notice): 2025/06/02 (2082-02-19)**

1. Jhapa Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids for Nepalese eligible bidders for the procurement of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of *Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal* or may visit at the PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract ID: | Name of Procurement | Estimated Amount Nrs. (Inclusive of VAT and PS) | Bid Security (Nrs.) | Cost of Bid document (Nrs.) | Last date of bid submission/ opening date and time |
|---|---|---|---|---|---|---|
| 1. | NCB/JHAPA/JRM/ WORKS/17/081-82 | Construction of 2 Canteen building | 82,18,872.74/- | 1,80,000/- | 3000/- | 2025-07-02 (2082/03/18) 12:00PM/1:00PM |

**Chief Administrative Officer**

*केराबारी गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यालय*
*केराबारी मोरङ कोशी प्रदेश नेपाल*

## आर्थिक प्रस्ताव खोल्ने वारेको सूचना

***सूचना प्रकाशित मिति : २०८२।०२।१८***

यस कार्यालयको मिति २०८१।१२।११ गते प्रकाशित सूचना अनुसार तपशिल बोलपत्रको प्राविधिक प्रस्ताव मुल्याङ्कनमा तपशिल बोलपत्रदाताहरु सफल भएकाले निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**तपसिल**

**ठेक्काको नामः** Asphalt Concreting of Triveni Chowk to Phedi Road, Rangashala Marga and Lakhan Marga, KRM-3,8 and 10, KRMC/MOR/W/NCB-8(081/082))
**मिति र समयः** २०८२।०२।२५ गते, दिनको २ बजे
**स्थानः** केराबारी गाउँ कार्यपालिकाको कार्यालय, केराबारी-१० मोरङ

| सि.नं | सफल बोलपत्रदाता | ठेगाना |
|---|---|---|
| १ | श्री यासुकी निर्माण सेवा | मोरङ |
| २ | श्री आर्ष-लक्की जे.भि. | मोरङ |
| ३ | श्री प्रतिक-ग्लोबल जे.भि. | सुनसरी |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१९ जेठ २०८२ सोमबार
2 June 2025, Monday

सम्पादकीय

## लोकतन्त्रमा राजावादीको रक्षा

राजावादी गतिविधिविरूद्ध पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आक्रामक देखिन्छन् । गत १५ चैतमा समाजवादी मोर्चाको ब्यानरमा राजावादीविरूद्ध भृकुटीमण्डपमा जनप्रदर्शनकै नेतृत्व प्रचण्डले गरेका थिए । अघिल्लो वर्ष प्रधानमन्त्रीकै हैसियतमा प्रचण्डले राजतन्त्रविरूद्ध २०६२ सालमा भएको १२ बुँदे दिल्ली सम्झौता पक्षधर दलहरूको बैठक राखेका थिए । यसपटक प्रमुख विपक्षी दलका नेताको हैसियत चर्को अभिव्यक्ति दिदै आएका छन् । त्यस्तैमा प्रचण्डले राजावादीविरूद्ध जाइलाग्ने जस्तो आशयका अभिव्यक्ति दिन थालेका छन् । पार्टी निकट युवाहरूको संगठन वाईसियलको सम्मेलनलाई सम्बोधन गर्दै प्रचण्डले राजावादीविरूद्ध इटको जवाफ पत्थरले दिनेगरी तयारी गर्न निर्देशन दिए । यसअघि कर्णाली प्रदेश पुगेर पनि राजावादीविरूद्ध अभियान अगाडि बढाउन निर्देशन दिएका थिए ।

राजावादी गतिविधिका सन्दर्भमा विपक्षी नेता प्रचण्डलाई प्रधानमन्त्री केपी शर्मा ओलीको पुरापुर साथ देखिन्छ । १८ जेठसम्म आइपुग्दा लगभग राजधानीभर निषेधाज्ञा जारी हुन पुगेको छ । स्थानीय प्रशासनले विज्ञप्ति जारी गर्दै तीनकुने, बालकुमारी क्षेत्र र बल्खु क्षेत्रलाई मात्र खुला छोडेर पुरा उपत्यकाभर निषेधाज्ञा जारी भएको छ । अर्थात् प्रदर्शन गर्न यी तीन क्षेत्रमा मात्र पाइने भएको छ । यसअघि प्रमुख प्रशासनिक क्षेत्र वरपर मात्र निषेधाज्ञा जारी गरिएको थियो । विस्तारै निषेधाज्ञा बढाउँदै लगेर अब रिङरोडभित्र प्रदर्शन, भेला जस्ता राजनीतिक गतिविधिमा रोक लगाइएको छ । प्रशासनले कस्दै लगेपछि राजावादी शक्तिहरू पनि थप सशक्त बन्दै गएको देखिन्छ । आइतबार पूर्व गृहमन्त्री रहेका राप्रपा नेपालका अध्यक्ष कमल थापा, प्रतिनिधि सभा सदस्य दीपक सिंह लगायतलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

कमल थापा पक्राउको प्रकृति सामाजिक सञ्जाल र आमसञ्चार माध्यमभर छाएको छ । प्रहरीले घिसार्दै नियन्त्रणमा लिएको भिडियोका कारण सरकार दबावमै पऱ्यो । अझ राजावादीहरूले उपत्यका बन्दको घोषणा गरेपछि आइतबार साँझ पक्राउ परेकाहरू रिहा भए । राजावादी नेताहरूले आन्दोलन थप सशक्त बन्ने चेतावनी दिइरहेका छन् । आन्दोलन कसरी अगाडि बढ्छ भन्ने आगामी दिनमा देखिनेछ । तर आन्दोलन शान्तिपूर्ण, मानवीय र राजनीतिक हुनुपर्छ, त्यो न्यूनतम सर्त हो । तर व्यवस्था प्रति असन्तुष्टि जनाएर आन्दोलन चलाएकै कारण सत्ता निर्मम बन्दै जाने, अराजनीतिक निर्णय लिने र असंवैधानिक कदमतर्फ उन्मुख हुने कुरा गलत हो । अझ प्रमुख नेताहरूबाटै हिंसात्मक गतिविधिलाई प्रोत्साहन हुनेगरी अभिव्यक्ति आउनु गणतान्त्रिक संस्कृति होइन । प्रधानमन्त्री ओलीले कुनै शक्तिलाई लक्षित गरी राजधानी कब्जाको चेतावनी दिने, विपक्षी दलका नेताले पत्थर बन्न प्रोत्साहित गर्ने र निषेधाज्ञाको क्षेत्र बढाउँदै लैजाने कुरा लोकतान्त्रिक अभ्यासभित्र पर्दैन भन्ने बुझ्नुपर्छ ।

# बजेटले कोरेको बाटो

*यस पटकको बजेट सन्तुलित छ । समग्र संरचनालाई बजेटले धेरै नकारात्मक असर गरेको छैन । तर, अहिलेको अर्थतन्त्रको आवश्यकताअनुसार बजेटका कार्यक्रम भने आउन सकेनन् । साथै, सरकारले नै निर्माण गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका मुख्य सुझावहरु नै बजेटमा समेटिन सकेनन्...*

अग्रलेख



● डा.सुमनकुमार रेग्मी

नेपालको संविधान जारीपश्चात् पहिलो पटक ३ वर्षको औसत आर्थिक वृद्धिदर ७.७ प्रतिशत हासिल भएको तथ्यांक हामीसँग छ । निरन्तरको प्रयासबाट अर्थ व्यवस्था कार्यान्वयन लयतर्फ उन्मुख भएको देखिन्छ । २०८१/८२ मा आर्थिक वृद्धिदर ३.७ प्रतिशतमा रहेकोमा आ.व. २०८२/८३ मा ४.६ प्रतिशत हुने प्रतीक्षामा रहेको छ । उल्लेखित सबै क्षेत्रमा सकारात्मक वृद्धिदर रहेको अनुमान छ । सरकारले कार्यभार लिँदा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेकोमा २००८१/८२ चैत्रसम्ममा ३.४ प्रतिशतमा रहेको छ ।

प्रस्तुत बजेटमा चालु खर्चतर्फ ११ खर्ब ८० अर्ब, पुँजीगत खर्च ४ खर्ब ७ अर्ब, वित्तीय व्यवस्था ३ खर्ब ७५ अर्ब, वैदेशिक अनुदान ५३ अर्ब, वैदेशिक ऋण २ खर्ब ३३ अर्ब, आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब, राजस्व १३ खर्ब १५ गरी कूल बजेट १९ खर्ब ६४ अर्बमाथिको छ । प्रस्तुत बजेटमा सामाजिक सुरक्षा भत्तातर्फ रु. १ खर्ब बढी राखिएको छ । सबै प्रकारका सामाजिक भत्ताहरूलाई एकीकृत गर्ने र समन्वयात्मक ढंगले वितरण गर्ने भनिएको छ । सामाजिक सुरक्षामा दोहोरो सुविधा नदिने भनिएको छ । कर्मचारीको महँगी भत्ता बढाउने र तलब नबढाउने भनिएको छ । शिक्षक दरबन्दी पुनरावलोकन, शिक्षक बैंक स्थापना गरिने भनिएको छ । सरकारले सबै संवैधानिक निकायहरूलाई आवश्यक स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने भनेको छ । बजेटमा २ वर्षभित्र चामलमा आत्मनिर्भर बन्ने कार्यक्रम रहेको छ । आत्मनिर्भर हुन २२ जिल्लामा चैते धान खेती गरिने उल्लेख छ ।

सरकारले सेवा प्रदायक सार्वजनिक निकायहरूमा निरन्तरता निगरानी र अनुगमन गर्ने भनेको छ । सार्वजनिक निकायलाई अनुशासन, भ्रष्टाचार स्वच्छ शून्य सहनशीलता कार्य गर्ने बताएको छ । समस्यामा परेको लघुवित्त बिमा ऋणीहरूको पुनर्स्थापनाका लागि सहुलियतपूर्ण ब्याजदर कर्जा उपलब्ध गराइने भनिएको छ । नयाँ बजेट प्रविधिका कारण समस्यामा परेको बताइएको छ । नेपालको कला, संस्कृति, सभ्यता र भौगोलिक विविधता भएकाले त्यसैअनुरूप झल्कने गरी स्वदेशी तथा विदेशी झल्कने गरी स्वदेशी तथा विदेशी चलचित्र छायांकन गर्न इन्डोर तथा आउटडोर स्टुडियो निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने भनिएको छ । आउटडोर र इन्डोर स्टुडियो निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने भनिएको छ ।

यसैगरी, बजेटमा देशलाई विकास, समृद्धि र सामाजिक न्यायको लागि अग्रमार्ग अघि बढाउने भनिएको छ । सरकारले युवालाई बिना धितो रु. २ लाखदेखि २० लाखसम्म सहुलियत कर्जा उपलब्ध गरिने भनेको छ । साथै, बजेटमा करयोग्य कारोबारबाट नपुगे पनि न्यूनतम कर तिर्नुपर्ने व्यवस्था भएकोमा त्यो खारेज गरिएको छ ।

माथि संक्षिप्तमा केही शीर्ष टिपोट गरिएको हो । जुन बढी चर्चामा छन् । यद्यपि, बजेटमा प्रस्तुत कार्यक्रम कार्यान्वयन पक्षमा कसरी जान्छ भन्ने अझै पनि प्रश्नमा नै छ । जबसम्म भन्सार र रेमिट्यान्समा आधारित बजेट बन्छ, तबसम्म अर्थतन्त्र सही छ भन्न सकिन्न । अर्थतन्त्रलाई सही बनाउन उत्पादनमा आधारित बजेट प्रणालीको विकास अनिवार्य छ । एक हिसाबले सरकारले लिने नीति तथा कार्यक्रम र बजेटले मुलुकको मार्गदर्शन हो ।

बजेटमार्फत सरकारले विकास कार्यक्रममा संघ, प्रदेश र स्थानीय दोहोरोपन हटाउन एकीकृत परियोजना बैंक प्रणाली लागु गर्ने प्रस्ताव



गरेको छ । विकासको ढाँचा, गति र संस्कृति परिवर्तन गर्ने यो नीति तथा कार्यक्रममा नयाँ धारणा भएको दाबी गरिएको छ । हुन पनि हेर्दा, कृषि, वन, सूचना तथा प्रविधि, पर्यटन, ऊर्जा र भौतिक पूर्वाधारलाई नीति कार्यक्रममा लगानीको मुख्य क्षेत्र तोकिएको छ । स्टार्टअपका कार्यक्रमको फोकस गरिएको हिसाबले तन्नेरी पुस्ता उत्साहित देखिन्छन् ।

